नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२६८ दायर मितिः-२०८१/११/०१**

**फैसला मितिः-२०८१/११/२७**

**वादी**

**देवकृष्ण यादवको जाहेरीले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**जिल्ला सुनसरी देवानगंज गा.पा.वडा नं.७ घरभई जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.९ बस्ने इन्द्रानन्द यादवको छोरा बर्ष २६ को मुकेश कुमार यादव .........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. मैले जाहेरवालालाई अश्लिल शब्द प्रयोग गरी अभद्र व्यवहार गरेकोले प्रहरीले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका निशा कुमारी यादव समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले ईन्कारी बयान गरेतापनि, मिति २०८०।१०।१ गते बिपक्षी मुकेश कुमार यादवले मेरो छोरीलाई घरमा अलपत्र छाडी सम्पर्क विहीन भएकोले निजको खोजतलास गर्ने क्रममा ऐ.५ गते अ.१४:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.९ स्थित फेला पारी मेरो छोरीलाई अलपत्र छाडी के कँहा बेपत्ता भएको भनि सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अश्लिल शब्दहरु प्रयोग गरी गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहार गरेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी मुकेश कुमार यादवले जाहेरवालीको छोरीलाई घरमा अलपत्र छाडी सम्पर्क विहीन भएकोमा निजको खोजतलास जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.९ स्थित फेला पारी निजकी छोरीलाई अलपत्र छाडी के कँहा बेपत्ता भएको भनि सोधपुछ गर्दा जाहेरवालाले आवेशमा आई बिभिन्न अश्लिल शब्दहरु प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी मुकेश कुमार यादवलाई कैद दिन २५ र जरिवाना रु.२५०/- अक्षरेपी दुई सय पचास मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**<u>तपसिल खण्ड</u>**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी मुकेश कुमार यादवलाई ठहरेको कैद दिन २५ को हकमा निज मिति २०८१/१०/०६ देखि २०८१/१०/३० सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२३०/२०८१/११/०२ बाट दाखिला गरेको धरौटी रकम रु.२५०/- बाट जरिवाना रकम रु.२५०/- कट्टी गर्नु --१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु---------------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु ---------------१

गणेश अर्याल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ फाल्गुन महिना २७ गते मंगलवार रोज ३/ ने.सं. ११४५ चिल्लाथ्व द्वादशी, शुभम् ........